FOR NEPALI BY NEPALI
नेपालीका लागि नेपाली
Non-Resident Nepali Association (NRNA)
गैरआवासीय नेपाली संघ

Ref. N-27-013-15

**हार्दिक स्वागत !**

निकै लामो प्रयास पछि राजनैतिक दलहरुको सहमतिमा नेपालको संविधान २०७२ को प्रारम्भिक मस्यौदा संविधान सभामा पेश भएकोमा गैरआवासीय नेपाली संघ यसको स्वागत गर्दछ । यस ऐतिहासिक सहमतिले संविधान निर्माण प्रक्रिया अन्तिम चरणमा प्रवेश गरेकोमा संघ सबै सरोकारवालाहरुमा हार्दिक बधाई तथा धन्यवाद ज्ञापन गर्दछ ।

यस प्रारम्भिक मस्यौंदामा नेपाली जनताका मौलिक हक तथा मूलभूत अधिकार, सार्वभौंम सत्ता र संघीय गणतन्त्रामक लोकतान्त्रिक विधीको सुरक्षा आदिको सुनिश्चितताले नेपाली जनतालाई सर्वोपरी स्थान दिई सम्पूर्ण नेपालीको हक अधिकारको सम्बोधन हुने विश्वास संघले लिएको छ ।

अन्त्यमा, यस मस्यौदामा गैरआवासीय नेपालीका सामाजिक र आर्थिक अधिकारहरुलाई पनि सम्बोधन गरिएकोमा यस प्रति संघ सरोकारवाला सबैमा हार्दिक आभार प्रकट गर्दछ । अब यसलाई अन्तिम रुप दिई चाँडो भन्दा चाँडो नयाँ संविधान जारी गर्न गैरआवासी नेपाली संघ हार्दिक आहवान गर्दछ ।

मन केसी
प्रवक्ता
अन्तर्राष्ट्रिय समन्वय परिषद्,
गैरआवासीय नेपाली संघ ।

मिति: २१ असार २०७२ ।